सांगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta

आज मिति २०७४ साल भाद्र १५ गते बिहिवारका दिन यस - सांगुरीगढी गाउँ कार्यपालिकाको बैठक अध्यक्ष श्री कुमार जंग - याख्खा ज्यू को ~~बैठक~~ अध्यक्षतामा बसि निम्न निर्णय पारीत - गरियो ।

## उपस्थिति

१. कुमार जंग याख्खा अध्यक्ष
२. बिन्दु राई उपाध्यक्ष
३. तिलक बहादुर लिम्बु १ नं वडा अध्यक्ष
४. दलबहादुर इङनाम २ नं " "
५. राज कुमार राई ३ नं " "
६. खड्कबहादुर लिम्बु ४ नं " "
७. पलक बहादुर बस्नेत ५ नं " "
८. यम प्रकास मगर ६ नं " "
९. स्वर्ण प्रसाद राई ७ नं " "
१०. विनय राई ८ नं " "
११. जीत बहादुर राई ९ नं " "
१२. एक बहादुर राई १० नं " "
१३. बालकृष्ण राई गाउँ कार्यपालिका सदस्य
१४. राजेन्द्र याख्खा " "
१५. हरिमाया राई " "
१६. सन्चमाया राई " "
१७. फुल कुमारी लिम्बु " "
१८. कमला लिम्बु " "
१९. गुणराज भट्टराई कार्यकारी अधिकृत
२०. नारायण खनाल ६ नं वडा सचिव
२१. रेवती ढुंगाना ४ नं वडा "
२२. राजेश कुमार पोख्रेल लेखपाल "

## पारित गरिएका प्रस्ताव तथा निर्णयहरु

१. प्रथम गाउँ सभाको नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा ।

यस साँगुरीगढी गाउँपालिकाको आगामी प्रथम गाउँ सभामा यस गाउँपालिकाको निम्न अनुसारको नीति तथा कार्यक्रम पेश गर्ने साथै सोही बमोजिम बजेट समेत तयारी गरि प्रस्ताव गर्ने निर्णय गरियो ।

गाउँ कार्यपालिकाको
Office of Rural Municipal Ex.
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
२०७३ (2017)

## साँगुरीगढी गाउँपालिकाको प्रथम गाउँ सभामा पेश भएको

## गाउँपालिकाको नीति तथा कार्यक्रम

मिति २०७४।५।१७ गते

श्रद्धेय प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू, गाउँपालिका उपाध्यक्षज्यू, जिल्ला स्थित/ गाउँपालिका स्थित राजनीतिक दलका प्रमुख एवं प्रतिनिधि ज्यूहरु, वडा अध्यक्षज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, सुरक्षा निकायहरुको प्रमुख एवं प्रतिनिधिज्यूहरु, प्राचार्ज्यु तथा प्रधानाध्यापक ज्यूहरु, स्रोत व्यक्तिहरु, कार्यकारी अधिकृत ज्यू, वडा सचिव ज्यूहरु, होटल एशोशिएसन भेडेटारका अध्यक्ष एवं प्रतिनिधिज्यूहरु, गैर सरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, महिला सम्बद्ध संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सञ्चारकर्मीज्यूहरु, अन्य उपस्थित महानुभावहरु, गाउँपालिकाको सम्पूर्ण कर्मचारी साथीहरु,

१. साँगुरीगढी गाउँपालिकाको प्रथम गाउँ सभाको उद्घाटन समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी आफ्नो व्यस्तताका बावजुद समयको व्यवस्थापन गरी समारोहको शोभा बढाई दिनु हुने प्रमुख अतिथिज्यू, विशेष अतिथीज्यूहरु, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, अतिथी ज्यूहरु एवं उपस्थित सम्पूर्ण महानुभावहरुलाई साँगुरीगढी गाउँपालिकाको तर्फबाट धन्यवाद ज्ञापन गर्दछु ।
२. स्थानीय तहको निर्वाचन २०७४ मा उत्साह पूर्वढंगले सहभागी भई शान्ति पूर्वक निर्वाचन सम्पन्न गराउनु हुने राजनैतिक पार्टी, मतदाता, स्थानीय प्रशासन, सुरक्षाकर्मी, निर्वाचनमा खटिने कर्मचारी लगायत सम्बद्ध पक्षलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।
३. नेपालको राजनैतिक परिवर्तनका लागि शाहदात प्राप्त गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रध्दाञ्जली अर्पण गर्दछु ।
४. स्थानीय तहको निर्वाचनमा साँगुरीगढी गाउँपालिकाका विभिन्न राजनैतिक दलका हामी जनप्रतिनिधिहरूलाई विजयी गराई ५ वर्षसम्म साँगुरीगढी गाउँवासीको जीवनस्तर उकास्ने र यस क्षेत्रको विकास गर्ने जिम्मेवारी सुम्पने सम्पूर्ण मतदाता र यो अवसर उपलब्ध गराउने राजनैतिक दलहरू प्रति धन्यवाद ज्ञापन गर्दछु ।
५. धनकुटा जिल्लाको प्रवेशद्वारमा रहेको भेडेटार महत्वपुर्ण पर्यटकीय स्थलहरूमध्येको एक हो । साँगुरीगढी गाउँपालिका भित्रका रहेको नाम्जे गाउँ विश्वकै बाह्रौं गन्तव्य स्थलहरू मध्येको एक हो जो जिल्लामा मात्र नभई विश्वकै परिचित स्थान हो । बहुभाषिक सांस्कृतिक बहुजातिय विशेषता बोकेको हाम्रो गाउँपालिकाको विशिष्ट पहिचान रहेको छ । यति हुँदाहुँदै पनि विकासको पर्खाईमा गाउँपालिका रहेको छ भन्दा अतिशययुक्ति हुदैन ।
६. २०७२ बैशाख १२ गते गएको भूकम्प र त्यसपछिका पराकम्पबाट यो गाउँपालिकामा पनि क्षति पुग्न गएको छ । क्षति भएका निजी आवास सार्वजनिक/सामुदायिक पूर्वाधारहरुको निर्माणलाई छिटो छरितो बनाउन र सहज अनुदान उपलब्धताका लागि पहल प्रयत्न गर्न, वर्षादका कारण पूर्वाधारमा भएको क्षति पुनःनिर्माण गर्न चुनौती थपिएको छ ।
७. नेपाल सरकारबाट प्राप्त स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ ले गरेका व्यवस्थालाई पूर्ण रुपमा पालना गर्दै आ.व. २०७४/०७५को गाउँ विकासयोजना तर्जुमा गरिएको छ । चालु त्रिवर्षिय योजना, दीगो विकासका लक्ष्य, नेपाल सरकारबाट प्राप्त स्वीकृत क्षेत्रगत नीतिहरु, राष्ट्रिय योजना आयोग, मन्त्रालयहरुबाट प्राप्त मार्गदर्शनलाई आधार मानी गाउँ विकास योजना तयार गरिएको छ । विकास योजना

तर्जुमा गर्ने क्रममा गाउँ पालिकामा क्रियाशिल राजनैतिक पार्टी, विषयगत कार्यालयहरु, गैर सरकारी संस्था, नागरिक समाज तथा वडाबाट प्राप्त सुझावलाई आधारका रुपमा लिईएको छ ।

<u>उपस्थित गाउँ सभा सदस्यज्यूहरु</u>

अब म साँगुरीगढी गाउँपालिकाको विकासका सम्भावना र चुनौतीहरुको संक्षिप्त चर्चा गर्न अनुमति चाहन्छु ।

साँगुरीगढी गाउँपालिकाको प्रथम गाउँ सभामा गाउँकार्यपालिकाको तर्फवाट नीति, बक्तव्य प्रस्तुत गर्न लागी रहँदा हाम्रो गाउँपालिकाको विकासका संभावना तथा चुनौतीहरुको संक्षिप्त विश्लेषणलाई राख्न चाहन्छु ।

१. साँगुरीगढी गाउँपालिकामा पर्यटन प्रवर्ध्दन गर्न सकिने प्रशस्तै सम्भावनाहरू रहेको छ । यस गाउँपालिकाको वार्ड नं. ६ भेडेटारमा रहेको भ्यूटावर २०७२ वैशाख १२ गते गएको महाभुकम्प र त्यस पछिका पराकम्पबाट क्षतिग्रस्त भ्यूटावर पुनःनिर्माणको क्रममा रहेको छ । यस गाउँपालिकाको दक्षिण भेगको महाभारत पर्वत श्रृंखलासँगै रहेको ध्वजेडाँडा, अजंगको वरको रूख, भाँडालुङ (तामाको भाँडाको आवाज आउने), ओख्रे भ्युटावर, सिएनएनले सार्वजनिक गरको विश्वकै १२ औं गन्तव्य स्थलहरू मध्येको नाम्जे गाउँ, झण्डीडाँडा, वधुवाडाँडा, रनफने डाँडा, सिम्सुवा झरना, डाछेन झरना, सप्तकोशीको संगम स्थल रहेको त्रिवेणी जस्ता मनोरम स्थलहरू यसै क्षेत्र भित्र रहेको छ । यस गाउँपालिकाको उत्तरी सीमाबाट बग्ने तमोर नदीमा जलविहार, कोशीराजमार्ग संगैका मनोरम स्थानहरू, क्षण क्षणमै अनुभवहरू गर्न सकिने मौषमी विविधता प्रमुख पर्यटकीय स्थानहरूको विशेषताहरू हुन् । विविध भाषा, धर्म संस्कृतिको धनी यस गाउँपालिकामा साँस्कृतिक पर्यटन प्रवर्ध्दन गर्न सकिने प्रचुर सम्भावना रहेको छ । कृषि उत्पादनमा आधारित घरेलु तथा साना उद्धोगहरू स्थापना र विकास गर्न सकिने प्रचुर संभावना रहेको छ ।

२. सामुदायिक विद्यालयवाट उपलब्ध गराउदै आएको शिक्षाको गुणस्तरसुधार गरी निजी विधालयतर्फको आकर्षण घटाई स्थानीय तहको व्यवस्थापनमा गुणस्तरीय प्रतिष्पर्धा गर्न सक्ने र व्यवसायिक शिक्षाका मध्यमवाट यस क्षेत्रलाई कृषिशैक्षिक केन्द्रकोरुपमा विकास गर्न सक्ने सम्भावना रहेको छ ।

३. कृषिमा व्यवसायिकरण गर्दै बेमौसमी खेतीलाई प्रवर्धन गर्न सकिन्छ जसका माध्यमवाट आय आर्जन बढाई ग्राहस्थ उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना छ ।गाउँपालिकाको क्षेत्र भौगिलिक विविधतायुक्त क्षेत्र भएको हुनाले भूगोलका आधारमा अलैची, अम्लिसो, रुद्राक्ष, अदुवा, ताजातरकारी, अन्नवाली, उत्पादनमा आधुनिकिकरण, व्यवसायिक पशुपालन र विकासको माध्यमवाट गाउँवासीहरुको जिवनस्तरमा परिवर्तन गर्न सकिन्छ। आँप, लिची, केरा, सुन्तला, कटहर, भूईकटहर जस्ता फलफूलको उत्पादनमा व्यवसायिकरण गरी प्रसस्त मात्रमा आय आर्जन गर्न सकिने सम्भावना रहेको छ ।थोरै उत्पादनवाट धेरै आम्दानी लिन सकिने बजारको समस्या नभएका किवी, ग्राउण्ड एप्पल, एवोकार्ड जस्ता नयाँ फलफूलको प्रयास उत्पादन हुने र आम्दानी लिन सकिने सम्भावना छ ।

४. गाउँपालिकाको उत्तरी क्षेत्रमा रहेका फाँटहरुमा सिंचाई सुविधाको व्यवस्थापन गरी अन्न उत्पादनमा वृद्धि गर्न सकिने सम्भावना विधमान रहेको अवस्था छ ।

५. यस गाउँपालिका क्षेत्र भित्र रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक, प्राकृतिक क्षेत्रहरुको संरक्षण सम्वर्धन गरी आन्तरिक र वाह्य पर्यटकहरुको आगमन वृद्धि गरी प्रसस्त आयआर्जन गर्न सकिने संभावनाहरु रहेका छन । यस गाउँपालिका भित्र पाइने मौसमी विविधता, भाषा, धर्म, संस्कृतिले पर्यटन प्रवर्धन गर्न मद्दत गर्न सक्ने प्रचुर संभावना रहेको छ।

६. यस गाउँपालिका क्षेत्र भित्र पाईने पाषणभेद, ठुलो ओखति, चिराईतो, टिमुर, कुरिलो, गुर्जो जस्ता जडीवुटीको खेती गरी आय आर्जन गर्न सक्ने प्रचुर संभावना रहेको छ।

यस गाउँ पालिकाको विकासका प्रशस्त संभावनाहरु रहँदा रहँदै हामी विच चुनौतिहरु पनि धेरै छन् यिनै चुनौतिको सामना गर्दै अगाडी बढन हामी एकजुट हुन आवश्यक छ ।

१. २०७२ सालमा गएको भूकम्पवाट नष्ट भएका व्यक्तिगत एवं सार्वजनिक, सामुदायिक पूर्वाधारहरुको निर्माणका लागि दक्ष मानविय स्रोत, पर्याप्त रकम अभाव यस गाउँपालिकाका लागी चुनौती वनेको छ ।
२. गाउँपालिकाका सवै वडाहरुको केन्द्र रहेको स्थान सम्म बाह्रै महिना यातायात चल्न सक्ने सडक (All Weather Road) वनाउन सवै वडाहरुको आफ्नै वडा कार्यालय भवनवाट सेवा प्रवाह गर्न, वडामा विधुतिय सेवा प्रवाहको पूर्वाधार पुर्याउन (बत्ती, इन्टरनेट, फ्याक्स, टेलीफोन लगायतका सेवा) वडा केन्द्रवाट वडाका अन्य भू-भागहरुलाई सडक सञ्जालमा आवद्ध गर्न गाउँपालिका सामु प्रमुख चुनौतीको रुपमा खडा भएको छ ।
३. गाउँपालिकाको खम्बाको रुपमा रहेको उर्जाशिल युवा शक्ति रोजगारीको नाममा धमाधम विदेशी रहेको छ ।यो शक्तिलाई स्थानीय तहमा रोजगार सृजना गरीगाउँको विकास निर्माणमा लगाउन सक्नु पर्नेछ ।
४. जलवायु परिवर्तन, योजना र प्राविधिक सर्वेक्षण विना जतातत्तै हामीले निर्माण गरेका सडक पूर्वाधारको व्यवस्थापन गर्न नसक्नु, अनियन्त्रित रुख कटानका कारण खानेपानीको स्रोत सुक्न गइ खानेपानीको उपलव्धता र सिंचाई सुविधा व्यवस्थापनमा थप चुनौती थपिएको छ ।यस गाउँपालिकाको अधिकांश भुगोल भिरालो क्षेत्र रहेकोले पूर्वाधार विस्तारमा थप समस्या उत्पन्न भएको छ ।
५. समाजमा रहेको सामाजिक विभेद, आम्दानीको सिमितता र असमान वितरण, निर्माण कार्यमा जनसहभागिताको अभाव, क्षमता विकासमा ध्यान पुर्याउन नसक्नु, भौतिक पूर्वाधार निर्माणमा गुणस्तर कायम गर्न नसक्नु, दिगो र भरपर्दो विकासमा भन्दा टाल्टुले र तत्कालको फाइदा तर्फ ध्यान दिनु जस्ता चुनौती हामी माझ रहेका छन् । कृषिलाई व्यवसायिकरण र आधुनिकिकरण गर्न सकिएको छैन । गाउँपालिकाको सिमित आय स्रोतका कारण गाउँबासीका असंख्य आवश्यकताहरुलाई सम्बोधन गर्नु पर्ने भएका कारण ठूला र दिर्घकालिन प्रतिफल दिन सक्ने योजना पहिचान र कार्यान्वियन गर्न सकिने अवस्था रहेन । यस्ता थुप्रै चुनौतीहरुका विच चालु आ.व.२०७४/०७५ को गाउँ विकास योजना कार्यन्वयन गर्न निम्नानुसारका क्षेत्रगत नीतिहरु तय गरिएको छ ।

योजना तर्जुमा र कार्यान्वयन नीति

१. गाउँपालिका क्षेत्रमा कार्यरत विभिन्न संघ/संस्था,विषयगत कार्यालय, विकास साझेदार संगको समन्वयका आधारमा आवधिक विकास योजना तयार गरी सोही आधारमा वार्षिक विकास योजना तयार गर्ने नीति लिईनेछ।
२. तत्कालिन, मध्यकालिन, दिर्घकालिन प्रभावको विश्लेषणका साथ नतिजामा आधारित योजना व्यवस्थापन प्रणाली अवलम्वन गरिनेछ ।
३. योजना एवं कार्यक्रमलाई मितव्ययी, गुणस्तरयुक्त र प्रतिफलमुखी बनाउन सहभागितात्मक अनुगमन मूल्याङ्कन प्रणाली अवलम्वन गरिनेछ ।

४. सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सुदृढ वनाइनेछ ।

५. एक करोड लागत सम्मका योजना एवं कार्यक्रमहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गरिनेछ। तर सार्वजनिक महत्वका योजना तथा कार्यक्रमहरू टेण्डर मार्फत समेत गरिने छ ।

६. योजना एवं कार्यक्रम कार्यन्वयनमा पारदर्शिता, गुणस्तरीयता कायम राख्न उपभोक्ता समितिको क्षमता विकासमा पहल गरिनेछ ।

७. नतिजामा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न प्रयास गरिनेछ ।

८. गाउँपालिका क्षेत्रमा कार्यरत विभिन्न संघ/संस्था, विषयगत कार्यालय, विकास साझेदारसंगको समन्वयमा गुणस्तरीय र प्रतिफलमुखी योजना तथा कार्यक्रम संचालन गर्न एक द्वार प्रणाली लागु गरिने नीति अवलम्वन गरिने छ

## आर्थिक स्रोत व्यवस्थापन नीति

१. आन्तरिक स्रोत व्यवस्थापन गर्न विधुतिय राजश्व प्रशासन प्रविधिको प्रवर्धन गरिनेछ ।

२. गाउँपालिकाको अर्थतन्त्रलाई सुदृढ बनाउन एक वडा एकउत्पादनको नीति अवलम्वन गरिने छ ।

३. कृषि, पशु विकास पकेट क्षेत्र तयार गरी कार्यान्वयन गर्ने प्रयास गरिनेछ ।

४. आन्तरिक स्रोत वृद्धिका लागी आयका स्रोतहरुको पहिचान र परिचालनका लागी ठोस कार्य योजना बनाई अगाडी बढ्न प्रयत्न गरिनेछ ।

५. आगामी आ.ब. देखि एकिकृत सम्पत्ति करको व्यवस्थापन गर्न पहल गरिनेछ।

## पूर्वाधार विकास तथा विपद व्यवस्थापन नीति

१. गाउँ पालिका स्तरीय पूर्वाधार विपद जोखिम न्यूनिकरण गर्न विपद प्रतिकार्य योजना तयार गरी संकट नक्शाङ्कन गरी सरोकारवालाको सहभागितामा आवश्यक कार्यक्रम कार्यन्वयनको लागी पहल गरिनेछ ।

२. प्रकोप पछिको उद्दार राहत र पुनर्स्थापनाका लागी गाउँपालिकाको क्षेत्रमा कम्तीमा १० खुल्ला स्थान र नेपाल सरकारको नीति अनुरुप १ हेलीप्याडको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

३. सार्वजनिक जग्गाहरुको अभिलेख तयार गरी संरक्षण गर्न प्रयत्न गरिनेछ ।

४. गाउँ पालिका स्तरीय सडक तथा वडा स्तरीय सडकहरुको ट्र्याक खोल्ने कार्यवैशाख १५ गते पश्चात पुर्ण रूपमा वन्द गरिने छ । क्रमागत योजना वाहेकका अन्य निर्माणको कार्य आषाढ १५ गते पश्चात पुर्ण रूपमा वन्द गरिने छ ।

५. गाउँ पालिका स्तरीय सडक तथा वडा स्तरीय सडकहरुको (Right of Way) सरकारले जारी गरेको मापडण्ड बमोजिम कायम गरी पूर्वाधार तयार गर्न प्रयास गरिनेछ ।

६. निर्माणाधिन पूर्वाधारका योजना तथा कार्यक्रमको दिगो व्यवस्थापनका लागी उपभोक्तालाई हस्तान्तरण गरी जिम्मा लगाउने तथा मर्मत संभार कोषको व्यवस्थापन गर्ने नीति लिइनेछ ।

७. वडास्तर तथा गाउँपालिकाबाट संचालन गरिने योजनाहरूको सम्झौता फाल्गुण मसान्तसम्म सम्पन्न गरी सक्ने नीति अवलम्वन गरिने छ ।

संगुरीगढी गाउँपालिका
Sangurigadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
भेडेटार, धनकुटा
Bhedetar, Dhankuta
२०७३ (2073)

## वातावरण संरक्षण निति

१. सार्वजनिक नीजि साझेदारी नीति अनुरुप गाउँपालिका क्षेत्रमा पार्क निर्माण र व्यवस्थापनको नीति लिइनेछ ।

२. वातावरण मैत्री शासन पद्दति अवलम्वन गरिनेछ ।

३. फोहोर व्यवस्थापन गर्न सेनीटरी ल्याण्डफिल साइट निर्माण तर्फ पहल गरीनेछ ।

४. गाउँपालिका क्षेत्रभित्र निर्माण हुने आवासहरुमा दिगो बिकासको अवधारणा अनुरुपका पूर्वाधारको निर्माणका लागी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

५. वातावरणीय प्रतिकुलताको प्रभावलाई कम गर्न गाउँपालिकालाई प्लाष्टिक झोला, घर भित्रको धुवाँ प्रदुषण मुक्त बनाउने अभियान सञ्चालन गर्ने, एक वडा एक पोखरी र पूर्ण सरसफाई युक्त गाउँपालिका घोषणा जस्ता कार्य सञ्चालन तर्फ ध्यान दिइनेछ ।

६. जलवायु परिवर्तनवाट देखिएका असरलाई कम गर्ने अनुकुलन कार्यक्रम सञ्चालन गर्न सरोकारवाला निकाय विच समन्वय गरिनेछ ।

## दिगो आय आर्जन नीति

१. गाउँपालिका वासीहरुको जिवनस्तरमा सुधार ल्याउन ग्रामीण क्षेत्रमा क्रियाशिल संघ संस्था, विषयगत कार्यालय, सरोकारवाला निकायवाट सञ्चालन हुने कार्यक्रमहरुमा समन्वय र एकरुपता कायम गर्न दोहोरोपना हटाई बस्ती तहमा लैजान एकिकृत कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

२. गरीबी न्यूनिकरणमा टेवा पुग्ने गरी सामाजिक परिचालन कार्यक्रमबाट सञ्चालन भएका गतिवीधिहरुलाई निरन्तरताका लागी पहल गरिनेछ ।

३. ग्रामीण क्षेत्रका उधमी व्यवसायी, सहकारीसंग समन्वय र सहकार्य तथा व्यवसायका माध्यमवाट पर्यटक भित्र्याउने सकिने नीति अवलम्वन गरिनेछ ।

## भौतिक पूर्वाधार तथा विकास नीति :

१. सडक लगायतका भौतिक पूर्वाधार निर्माणलाई दीगो र गुणस्तरीय बनाउन पहल गरिने छ ।

२. सडक निर्माण गर्दा प्राविधिक सर्भेक्षण विना डोजर द्वारा सडक निर्माण कार्यलाई निरूत्साहित गरिनेछ । नयाँ सडक खन्ने भन्दा पनि निर्माण भएका सडकहरूको स्तरोउन्नती गरी बाह्रै महिना यातायात चल्ने सडक बनाउन प्रयत्न गरिने छ । वडा केन्द्र, राष्ट्रिय राजमार्ग जोड्ने सडकको स्तरोन्नतीलाई प्राथमिकता दिइने छ । विगतमा अन्य निकायबाट संचालन भइ हाल गाउँपालिकालाई हस्तान्तरण भएका योजनाहरुलाई निरन्तरता दिदै लगिने छ । पूर्वाधार निर्माण गर्दा वातावरण मैत्री नीति लिइने छ।

३. राष्ट्रिय राजमार्गबाट ग्रामिण क्षेत्रमा पहुँच मार्ग निर्माण गर्दा राजमार्गको क्षति नपुग्ने, स्वरूप निबिग्रिने गरी निर्माण गरिने छ।

४. पूर्वाधार विकास योजना निर्माण गर्दा गाउँपालिका वासीलाई अधिकतम फाइदा पुग्ने, जनसहभागिता जुट्ने योजनाहरुलाई प्राथमिकता दिइनेछ।

५. सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण र सामाजिक परिक्षण जस्ता पारदर्शिता कायम गर्न सहयोग पुग्ने कार्यहरू योजना स्थलमा योजना संचालन अवधिमा र आ.व.को समाप्तीमा गरिने नीति लिइने छ ।
६. उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये १ महिला रहि ३ जनाबाट खाता संचालन हुने व्यवस्था सुनिश्चत गरिनेछ । साथै ३३% महिलाको प्रतिनिधित्व सुनिश्चितत गरिने छ ।
७. साँगुरीगढी गाउँपालिका वासीको प्रत्येक घरघरमा मिटर जडित धाराबाट स्वच्छ खानेपानी उपलब्ध गराउन सरोकारवाला निकायहरूसँगको समन्वय, सहकार्यमा जोड दिइने छ ।

पर्यटन तथा संस्कृती सम्बन्धी नीति

१. गाउँपालिका क्षेत्र भित्र रहेका नीजि तथा सार्वजनिक जग्गाहरू लिजमा लिई आन्तरीक आय वृद्धिका लागि नीजि साझेदारीमा पर्यटनसँग सम्वन्धित भौतिक संरचनाहरू विकास गर्दै लैजाने नीति अवलम्वन गरिने छ ।
२. गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय महत्व बोकेका स्थलहरुको विकास, भेषभूषा, कला संस्कृतीको खोजी गर्ने र संरक्षण गर्ने नीति तय गरिने छ।
३. पर्यटन प्रवर्धनको मुख्य आधार शिलाका रूपमा रहेको होटल व्यवसाय प्रवर्धन गर्दै गाउँपालिका वासीको आय आर्जन गर्न होमस्टे पद्दति अबलम्बन गरिनेछ ।
४. पर्यटन पुर्वधार निर्माणमा जोड दिइने छ ।
५. पर्यटन क्षेत्रको विकासका लागि नीजि क्षेत्रलाई लगानीका लागि प्रोत्साहन गरिने छ ।

लक्षित तथा सामाजिक विकास सम्बन्धी नीति

महिला तथा बालबालिका सम्बन्धी

१. नीति निर्माण तथा निर्णय प्रक्रिया र आयोजनाहरुको कार्यान्वयन क्षेत्रमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लैंगिक विभेदलाई कम गर्ने नीति अवलम्बन गरिनेछ ।
२. लैंगिक समानता तथा सामाजिक समावेशीकरण रणनीति अनुरुप कार्यक्रम सञ्चालन गरिनेछ ।
३. लक्षित वर्गको जीवनस्तर वृद्धि गर्नको लागि सीपमूलक तालिम तथा आय आर्जन मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
४. द्वन्द पिडीत, एकल महिला तथा घरेलु हिंसा पिडीत महिलाहरुको जीविको पार्जनमा सहयोग पुर्याउने कार्यक्रमहरु संचालनमा जोड दिईनेछ ।
५. बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार गाउँपालिकालाई बालमैत्री शासनयूक्त गाउँपालिकाको रुपमा घोषणा गर्ने नीति लिइनेछ ।
६. बाल विकास केन्द्र तथा प्राथमिक विद्यालयहरुको बालबालिकाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

Office of Rural Municipal Executive
Bhedetar, Dhankuta
२०७३ (2073)

## आदिवासी जनजाति सम्बन्धी नीति

१. आदिवासी जनजातिहरुको भाषा, मौलिक संस्कृति तथा परम्परा र सांस्कृतिक स्थल तथा सम्पदाहरुको संरक्षणका लागि कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. आदिवासी जनजातिहरुको सशक्तिकरण गरी विकासको मूल प्रवाहमा समाहित गर्न सीपमूलक आय आर्जन तथा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. आदिवासी जनजातिको प्राकृतिक स्रोत र साधनमाथिको पहुँच अभिवृद्धि गर्न सरोकारवालाहरुको साझेदारीमा विशेष कार्यक्रमहरु संचालन गर्न पहल गरिनेछ ।

४. परम्परागत संस्कार, संस्कृतिको संरक्षण र आधुनिकीकरणमा जोड दिईनेछ ।

५. आदिवासी जनजातिहरुको संस्कृति संरक्षण कार्यक्रम संचालान गर्ने नीति अबलम्बन गरिनेछ ।

## दलित उत्थान सम्बन्धी नीति

१. साँगुरीगढी गाउँपालिका क्षेत्र भित्रका दलितहरूको घर फुसको छाना मुक्त गराउने कार्यक्रम तदारूकताका साथ संचालन गरिने छ ।

२. दलित वर्गको जीवनस्तर परिवर्तनका लागि परम्परागत पेशालाई आधुनिकीकरण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

३. दलितहरुको समान हक र अधिकारको प्रवर्धन, निर्णय प्रक्रियामा समेत समावेशीकरण र उनीहरुको संस्थागत सञ्जाल विकास गर्न जोड दिईनेछ ।

४. आयोजनाहरुमा लाभान्वित हुने दलित वर्गको आयोजना कार्यान्वयनमा सहभागिता सुनिश्चित गरिने छ।

५. दलितहरुको सहभागिता सुनिश्चितताका लागि सचेतना मूलक कार्यक्रम सञ्चालन गरिने छ ।

## जेष्ठ नागरिक अपाङ्ग सम्बन्धी नीति

१. अपाङ्गता भएका व्यक्तिहरुको लागि आयमूलक तथा जीवन उपयोगी कार्यक्रमहरु संचालन गरिने छ।

२. आगामी दिनहरूमा निर्माण हुने सरकारी भवनहरु अपाङ्ग मैत्री निर्माणमा जोड दिईने छ ।

३. सामाजिक सुरक्षा भत्तालाई लक्षित समुदायसम्म पुर्याउने प्रभावकारी नीति अवलम्वन गरिने छ ।

४. १०० वर्ष नाघेका जेष्ठ नागरिकहरूलाई उच्च सम्मान गर्ने कार्यक्रम संचालन गरिने छ ।

५. सामाजिक सुरक्षा भत्ता लक्षित समुदायले सहज तरिकाले समयमै प्राप्त गर्ने व्यवस्था मिलाईने छ ।

६. ज्येष्ठ नागरिकहरुका लागि ज्येष्ठ नागरिक आश्रम निर्माण र संचालनमा ध्यान दिईने छ ।

## सामाजिक विकास सम्बन्धी नीति

१. यस गाउँपालिकाको विकासका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाहरू, नीजि तथा साझेदार कम्पनीहरू तथा वित्तीय संस्थाहरूलाई सुनिश्चत लगानी गर्ने वातावरण सिर्जना गरी लगानीका लागि प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ ।

२. एक टोल एक समुह/ संस्थाको नीति अवलम्वन गरिने छ ।

३. विकास साझेदार गैरसरकारी तथा वित्तीय कारोवार गर्ने संघ संस्थाहरूले अनिवार्य रूपमा आफ्नो वार्षिक कार्यक्रम सहित गाउँपालिकाको सहमतिमा एकद्वार प्रणालीबाट कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिने छ ।

४. यस गाउँपालिका क्षेत्र भित्र कार्यक्षेत्र वनाई आफ्नो कार्यक्रमहरू संचालन गरीरहेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाबाट संचालित कार्यक्रमहरुको सहभागितात्मक अनुगमनलाई प्रभावकारी बनाईनेछ ।

५. खुला दिसामुक्त गाउँपालिका भएकाले यसको दिगोपनका लागि सो सँग सम्वन्धित विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।

६. युवाहरुलाई स्वरोजगार बनाउने नीति लिईनेछ ।

## सुशासन सम्बन्धी नीति

१. गाउँपालिकामा संचालन हुने सम्पुर्ण योजना तथा कार्यक्रमलाई पारदर्शी जवाफदेही मितव्ययी बनाईने छ। यसका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैंगिक उत्तरदायी बजेट निर्माण र विश्लेषण जस्ता विधि अपनाईने छ ।

२. सूचना अधिकारी मार्फत सूचना उपलब्ध गराईने व्यवस्था मिलाईने छ ।

३. सेवाग्राहीलाई सुशासनको प्रत्याभूति दिलाउन नागरिक बडापत्रमा समय सापेक्ष परिमार्जन गरी सेवा प्रवाह गरिने छ ।

४. नियमित पत्रकार भेटघाटको प्रयास गरिने छ ।

५. कार्य समिति बाट गठित उपसमितिको सिफारिसमा कार्य सम्पादन मूल्यांकनको आधारमा पुरस्कार र दण्डको नीति अवलम्वन गरिने छ ।

६. पत्रकारिता विकासका लागि विशेष ध्यान दिईने छ ।

७. गाउँ कार्यपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि लागि विभिन्न तालिम गोष्ठी तथा अध्ययन भ्रमणको आयोजना गरिने छ ।

८. नियमित रुपमा गुनासो पेटिका खोली प्राप्त गुनासालाई सम्बोधन गरिने छ ।

९. वित्तीय प्रणाली तथा योजना व्यवस्थापन प्रक्रियालाई कम्प्युटराइज्ड प्रविधिमा संचालन गरिने छ ।

१०. सार्वजनिक खरिदलाई थप व्यवस्थित र पारदर्शी बनाउन ठूला खरिद तथा निर्माण कार्यमा E-Bidding प्रणाली लागु गर्ने नीति अवलम्वन गरिने छ ।

१.१. गाउँ कार्यपालिकाका निर्णयहरु प्रवक्ता मार्फत मात्र सार्वजनिक गरिने छ ।

१२. गाउँ कार्यपालिकाका निर्णयहरु वेभसाइट मार्फत सार्वजनिक गरिने छ ।

१३. विकास निर्माणमा गाउँपालिकामा सक्रिय संघ संस्था विषयगत कार्यालयहरु र विकास साझेदारहरुको गति विधिहरुलाई समन्वय गर्न वेभमा आधारित आयोजना लगानी विवरण संकलन नीति लिईने छ ।

१४. कर्मचारीहरुलाई कार्य सम्पादन तथा सेवा प्रवाहमा उच्च मनोबलका साथ सरिक गराउन कार्य सम्पादनको आधारमा गाऊँकार्यपालिकाको निर्णय अनुसार प्रोत्साहन गर्ने नीति अबलम्बन गरिने छ ।

१५. यस गाउँ कार्यपालिका एवं सबै वडा कार्यालयहरुमा सूचना प्रविधि मैत्री बनाई सेवा प्रवाह गरिने छ ।

१६. सेवाग्राहीलाई एकद्वार प्रणाली द्वारा सेवा सुविधा दिने नीति लिइने छ ।

१७. यस गाउँ कार्य पालिकाको भवन तल्ला थप गर्ने तथा वडा कार्यालय नभएका वडाहरुको भवन निर्माण गरी यसै आ.व.बाट सेवा सञ्चालन गर्ने निति लिइने छ ।

१८. यस गाउँ कार्यपालिका वा अन्तरगत वडा कार्यालयहरुमा नपुग जनशक्तिहरुलाई आवश्यक व्यवस्थापन गर्ने नीति लिइने छ ।

१९. साविक गा.वि.स.को कार्यालय हाल वडा कार्यालयहरुमा विगत लामो समयदेखि निरन्तर रुपमा सेवा प्रवाह गर्दै आएका सहायक स्तरका कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको प्रचलित तलबमान अनुसारको तलब कायम गरी सेवा निरन्तरता दिइने छ ।

२०. स्थानीय शाषन तथा सामूदायिक विकास कार्यक्रम (LGCDP) लाई निरन्तरता दिइने छ ।

## आर्थिक विकास नीति

१. गाउँ पालिकाको आर्थिक विकासका लागि सरकारी कार्यालयहरू, सहकारीसंस्थाहरू र सरोकारवाला निकाय बीचको सम्बन्ध र सहकार्यलाई अझ फराकिलो बनाई आर्थिक वृध्दीमा जोड दिईनेछ ।

२. ग्रामिण क्षेत्रको अर्थतन्त्रलाई मजबुत बनाउन सहकारिताको भावनामा जोड दिदै कृषि उपजका समाग्रीहरू सहकारी मार्फत सहज आपूर्तिको व्यवस्थापनमा जोड दिईनेछ ।

३. सामाजिक परिचालनका माध्यमबाट ग्रामीण क्षेत्रमा आय आर्जनमा सहयोग पुर्याउने क्रियाकलापहरु संचालन गर्न गैर सरकारी संघ संस्थाहरुलाई परिचालन गरी संचालनमा रही रहेका समूहलाई सहकारीकरण गरी पूँजी निर्माणमा अग्रसर बनाईनेछ ।

४. बेमौसमी तरकारी खेती, दुग्ध उत्पादन, मासु उत्पादनका लागि सहज वातावरण सिर्जना गरिनेछ ।

५. अर्गानिक खेतीमा जोड दिईनेछ ।

६. सिंचाईको व्यवस्थापनमा प्राथमिकता दिदैं सिंचित क्षेत्रको विस्तारमा जोड दिईनेछ ।

७. ग्रामिण क्षेत्रको अर्थतन्त्रलाई मजबुत बनाउन एक वडा/ एक वस्ती उत्पादनमा जोड दिईने छ ।

८. कृषि उत्पादन र पशुपालनबाट कृषकहरूको जीवनस्तर उकास्न पकेट क्षेत्र कार्यक्रम संचालन गरिने छ ।

९. कृषि उत्पादकत्व वृद्धि गर्न उन्नत विउ विजन तथा फलफुलका विरूवा खरिदमा अनुदानको व्यवस्था गरिने छ ।

१०. पशुपालनको क्षेत्रमा नश्ल सुधारका लागि अनुदानको व्यवस्था गरिने छ ।

उर्जा विकास नीति

१. उर्जा संकटको समाधानका लागि सौर्य उर्जा उत्पादनमा जोड दिईनेछ ।

२. साँगुरीगढी गाउँपालिका भित्रका सवै घरमा विद्युत विस्तारमा जोड दिईने छ साथै विद्युत सेवा पुऱ्याउन अधिक खर्च लाग्ने वस्तीका घरहरूमा सौर्य उर्जा पुर्याउने नीति अवलम्वन गरिने छ ।

३. सुशासन कायम गर्न गाउँपालिका र यसका सवै वडा कार्यालयहरूवाट विद्युत आपुर्ति नभएको अवस्थामा पनि छिटो छरितो ढंगबाट सेवा प्रवाह गर्न सौर्य उर्जा जडान गरिने छ ।

४. बजारोन्मुख क्षेत्रमा सौर्य उर्जा जडानका लागि पहल गरिने छ।

५. स्वास्थ्य चौकीहरूमा सुशासन प्रवर्द्धनमा सहयोग पुर्याउन सौर्य उर्जा जडानका लागि पहल गरिने छ ।

नेपालको संविधान २०७२ वमोजिम नेपाल सरकारको निर्णय अनुसारगठन भएका स्थानीय तहहरू मध्येको यो साँगुरीगढी गाउँपालिका पनि एक हो । चालू आ.ब. का लागि नेपाल सरकारबाट यसगाउँपालिकालाई उपलब्ध गराइएको सशर्त अनुदान, वित्तिय समानिकरण अनुदान, गाउँपालिकाको आन्तरिक श्रोत, राजश्व बाँडफाँड, स्थानीय संचित कोषबाट प्राप्त रकम समेत गरी कुल रू. २९,१७,२५,४२८।—को वार्षिक बजेट तथा कार्यक्रम प्रस्ताव गरिएको छ । विस्तृत विवरण पछि प्रस्तुत हुने विनियोजन वजेट विवरणमा उल्लेख भएको छ ।

गाउँपालिकाको विकास योजनालाई स्वीकृतिका लागि गाउँ सभामा पेश गर्ने क्रममा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउन हुने टोलवासी, वडा समिति, वडा वासी, गाउँ पालिकामा क्रियाशिल राजनैतिक पार्टीहरु, विषयगत कार्यालयहरु, नागरिक समाज, सरोकारवाला निकाय, व्यापारी, पत्रकार, साँगुरीगढी गाउँ कार्यपालिका परिवार, कर्मचारी लगायत सम्बद्ध पक्षले पुऱ्याउनु भएको महत्वपूर्ण सहयोग र सहभागिता उल्लेखनिय रहेको छ।

गाउँ पालिका विकास योजना तर्जुमाका विभिन्न चरणहरूमा सकृय सहभागी भई सहयोग पुर्याउनु हुने गाउँ कार्यपालिका परिवार, साँगुरीगढी वासीहरु, पत्रकार, नागरिक समाज, समाजसेवी राजनैतिक दल, संघ संस्था, बुद्धिजिवि लगायतका व्यक्तिहरुलाई धन्यवाद दिन चाहन्छु।

अन्तमा, साँगुरीगढी गाउँपालिकाले अवलम्वन गर्ने माथि उल्लेखित नीतिहरू स्वीकृत गरि दिनु हुन गाउँ सभा समक्ष हार्दिक अनुरोध गर्दछु । धन्यवाद

कुमारजंग याखा

अध्यक्ष

साँगुरीगढी गाउँ कार्यपालिका

भेडेटार